# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मैवाखोला गाउँपालिका, ताप्लेजुङ , मैवाखोला गाउँपालिका , ताप्लेजुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Devi Tumbapo | २०७६-७-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gaurav Pokharel | २०७६-१२-१६ | |
| | | **बेरुजु रकम** | २९,३८१,४७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,५२,९२,०६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,०६,४९,४१७ | **चालु खर्च** | २३,६५,७१,१३० |
| **प्रदेश सरकारबाट अनुदान** | १,४३,२१,८३४ | **पूँजीगत खर्च** | ९,८८,७७,३१९ |
| **राजश्व बाँडफाँट** | ५,०७,७९,७५१ | **वित्तीय/अन्य व्यवस्था** | ६,१८,०२,६४६ |
| **आन्तरिक आय** | ५७,६०,००० | | |
| **अन्य आय** | ४,०६,३२,१४२ | | |
| **कुल आय** | ३९,२१,४३,१४४ | **कुल खर्च** | ३९,७२,५१,०९५ |
| **बाँकी मौज्दात** | | ४,०१,८४,११४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले मैवाखोला गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । मैवाखोला गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १३८वर्ग किलोमिटर क्षेत्रफल तथा १२००० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण अवधिमा असुली<br>गाउँपालिकाको लेखापरीक्षणको क्रममा निम्न बमोजिम रु २०९१९३३८ असुली भई सम्बन्धित खातामा बैक दाखिला भएको छ ।<br><table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>संघीय सरकारको अनुदान फिर्ता</td><td>१४०३९७८१</td></tr>
<tr><td>प्रदेश सरकारको अनुदान फिर्ता</td><td>२८२४६७४</td></tr>
<tr><td>बढी ग्रेड भुक्तानी</td><td>३५४७८</td></tr>
<tr><td>बढी तलब निकासा</td><td>४०१७०००</td></tr>
<tr><td>आम्दानी</td><td>२४०५</td></tr>
<tr><td>जम्मा</td><td>२०९१९३३८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति तथा भुक्तानी हिसाब<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम मैवाखोला गाँउपालिकाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।<br><table>
<tr><td></td><td></td><td></td><td></td><td>प्राप्ती भुक्तानी हिसाव</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | | |
| | | | | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | |
| | | | प्राप्ती (क+ख) | | ४१३८६२१६४ | ३९२१४३१४४.६७ | | ३९२१४३१४४.६७ | ३४९९६७०२८.२१ | | ३४९९६७०२८.२१ | |
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३७७९३२४६० | ३५१५११००२.६७ | ० | ३५१५११००२.६७ | ३४७५३१२३४.२१ | ० | ३४७५३१२३४.२१ | |
| | | | ११००० कर | ११ | ५७८६३००० | ५०७७९७५१. | ० | ५०७७९७५१. | ३९७३८२६०.२१ | ० | ३९७३८२६०.२१ | |
| | | | १३००० अनुदान | | ३१८०६९४६० | २९४९७१२५१.६७ | ० | २९४९७१२५१.६७ | ३०६३६७५४० | ० | ३०६३६७५४० | |
| | | | संघीय सरकार | १२ | ३०१२४०४६० | २८०६४९४१७.६७ | ० | २८०६४९४१७.६७ | २७९७६७५४० | ० | २७९७६७५४० | |
| | | | प्रदेश सरकार | १२ | १६८२९००० | १४३२१८३४ | ० | १४३२१८३४ | २६६००००० | ० | २६६००००० | |
| | | | १४००० अन्य राजस्व | | २०००००० | ५७६०००० | ० | ५७६०००० | १४२५४३४ | ० | १४२५४३४ | |
| | | | ख. अन्य प्राप्ति | | ३५९२९७०४ | ४०६३२१४२ | | ४०६३२१४२ | २४३५७९४ | | २४३५७९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | धरौटी | | ० | ४७३४५५५ | ० | ४७३४५५५ | २४३५७९४ | ० | २४३५७९४ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३५९२९७०४ | ३५८९७५८७ | ० | ३५८९७५८७ | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ३९४५०३४६० | ३९७२५१०९५.४७ | | ३९७२५१०९५.४७ | ३१२९६५४५६.३४ | | ३१२९६५४५६.३४ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३९४५०३४६० | ३३५४४८४४९.४७ | | ३३५४४८४४९.४७ | ३१२२५०४५६.३४ | | ३१२२५०४५६.३४ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ४३३५०४७६ | ३९९२८७०१.५७ | ० | ३९९२८७०१.५७ | ९६२९३२४५.३७ | ० | ९६२९३२४५.३७ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२७५८३५२४ | ११२८८१९०२.५ | ० | ११२८८१९०२.५ | ७९४४९७५३.९७ | ० | ७९४४९७५३.९७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २५००० सहायता (Subsidy) | १८ | ७७६००० | ७७५९९९.६७ | ० | ७७५९९९.६७ | २००००० | ० | २००००० | | |
| | | | | २६००० अनुदान | १८ | ६९४७६००० | ६५३७१८७९.२३ | ० | ६५३७१८७९.२३ | ० | ० | ० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | २५९४६००० | १७६१२६४७.५ | ० | १७६१२६४७.५ | ५५१४७७७ | ० | ५५१४७७७ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ० | ० | ० | ० | १८४२०० | ० | १८४२०० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १२७३७१४६० | ९८८७७३१९ | ० | ९८८७७३१९ | १३०६०८४८० | ० | १३०६०८४८० | | |
| | | | | घ. अन्य भूक्तानी | | | ६१८०२६४६. | | ६१८०२६४६. | ३१२९६५४५६.३४ | | ३१२९६५४५६.३४ | | |
| | | | | कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | धरौटी | | ० | ४९७३६०१ | ० | ४९७३६०१ | ७१५००० | ० | ७१५००० | | |
| | | | | संघीय प्रदेश सरकार वा | | ० | ० | ० | ० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अन्य कार्यक्रम | | | | | | | | | |
| | | | क. सामाजिक सुरक्षा (संघिय बजेट) | | ० | ३५८९७५८७ | ० | ३५८९७५८७ | | | | |
| | | | ख. संघिय तथा प्रदेशको निकासा फिर्ता | | | २०९३१४५८ | | २०९३१४५८ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -१६५७१००० | -५१०७९५०.८ | | -५१०७९५०.८ | ३७००१५७१.८७ | | ३७००१५७१.८७ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४५२९२०६५.०५ | | ४५२९२०६५ | १२२०२१०५.८१ | | १२२०२१०५.८१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -१६५७१००० | ४०१८४११४.२५ | | ४०१८४११४ | ३८२७०७६६.४५ | | ४९२०३६७७.६८ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ४०१८४११४.२५ | | ४०१८४११४.२५ | ३३२८२१४८.६८ | | ३३२८२१४८.६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बित्तीय बिबरणको बिश्लेषण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखी आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।<br>• सरकारी कारोबार निर्देशिका २०७६ बुदा ४ बमोजिम आन्तरिक राजश्व खाता,बाँडफाँडबाट प्राप्त राजस्व खाता,आन्तरिक अनुदान खाता, सञ्चित कोष खाता लगायत कोष खाता अद्याबधिक अभिलेख राख्नु पर्दछ । पालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताको अद्याबधिक र सन्चितकोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको ट्रान्सफर अद्याबधिक नगरेको कारण सुत्र प्रणालिमा प्रप्ति तथा भुक्तानी हिसाब यथार्थ हुन सकेको छैन ।<br>• गत बिगतको जिम्मेवारी समेत नभिडेको कारण सुत्रमा रहेको प्राप्ति तथा भुक्तानी हिसाबलाई एक्सलमा ल्याई श्रेस्ता बमोजिम अभिलेख गर्नुपरेको र सिग्यास तर्फको निकासा खर्च पनि सिस्टमको प्राप्ति तथा भुक्तानी हिसाब नआएको हुदा एक्सलमा ल्याई राखिएको कारणबाट स्थानीय संचित कोष व्यवस्थापन प्रणालीको यथार्थ हिसाब बित्तीय बिबरणमा आएको देखिएन ।<br>• बित्तीय विवरणमा आर्थिक बर्षको अन्तमा रु ४०१८४११४ मौज्दात देखिएकोमा अनुसुचि २४ मा रु ४२३०६०३२ देखिएकोले श्रेस्ता अनुसार बैक मौज्दात रु २१२१९१८ देखिएकोले फरक देखिएको सम्बन्धमा एकिन गरी हिसाब मिलान हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैक हिसाब मिलान**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको देखिएन । पालिकाको देहायबमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु ४२३०६०३२ देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु ४७०५४३६७ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु. ४७४८३४५ सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनुपर्दछ । | |

| खाताको नाम | श्रेस्ता अनुसारबाँकी | बैंक स्टेटमेण्टअनुसार बाँकी |
|---|---|---|
| चालु खर्च खाता | १७०८०५०० | ३६३१५२९ |
| पूँजिगत खर्च खाता | १५३७९१४१ | १५१०४५०९ |
| स्थानिय तह धरौटि खाता | २४२१९३१ | २४२१९३१ |
| स्थानिय तह सञ्चित कोष खाता | ७१२४४६० | १३२५६४३५ |
| विविध कोष खाता | ० | ३८८००० |
| प्रकोप व्यवस्थापन खाता | ० | ३९९९५ |
| राजश्व बाडफाड खाता | ० | ६५५२६४७ |
| आन्तरीक राजश्व खाता | ३००००० | ५६५९३२१ |
| जम्मा | ४२३०६०३२ | ४७०५४३६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **खर्च खाताको मौज्दात**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ तथा सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाको यस बर्षको अन्तमा चालु खर्च खातामा रु १ करोड १८ लाख ७० हजार र पुजिगत खातामा रु १ करोड ५३ लाख ६९ हजार गरी रु २ करोड ७२ लाख ३९ हजार मौज्दात देखिएकोले खर्च खाता शुन्य गरी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा पालिकाको संचित कोषमा स्थानान्तरण गरेको देखिएन । ऐन तथा निर्देशिका बमोजिम खर्च खातामा बाँकी रहेको रकम पालिकाको संचित कोषमा स्थानान्तरण गरीनुपर्दछ । | |
| ७ | | | **अनुदान फिर्ता**<br>बिनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम आर्थिक बर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानिय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र संघिय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को बिनियोजन ऐन २०७८ को दफा ४(१३)मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब अनुसार देहाय बमोजिम सशर्त, समपुरक र बिशेष अनुदानको रकम रु. १६८६४४५५ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसार संघीय सञ्चित कोषमा रु. १४०३९७८१ र प्रदेश सञ्चित कोषमा रु. २८२४६७४ गरी रु १६८६४४५५ सम्बन्धित खातामा २०७९।५।३१ मा दाखिला गरेको छ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले कार्यसञ्चालन सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br><br>वजेट व्यवस्थापनतर्फ<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालिन खर्च संरचना तयार गरेको पाईएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• गाउँपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाईएन ।<br>• गाउंपालिकाको मिति २०७९।३।११ पछिका अधिकांस आम्दानी तथा खर्च गरेको श्रेस्तामा गोश्वरा भौचर,नापी किताव,कार्य सम्पन्न प्रतिवेदन आदिमा कार्यालय प्रमुखले प्रमाणित नगरी भुक्तानी गरेकोले जिम्मेवारी वहन पुर्ण रुपमा पालन नभएको ।<br>• गाउँपालिकाले यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,पाईएन ।<br>• भ्रमण खर्च व्यवस्थापनतर्फ<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरेको पाइएन,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे गरेको देखिएन<br>• खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने मा तयार गरेको देखिएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी लागु भएको देखिएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा , अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको देखिएन ।<br>• गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको देखिएन ।<br>• शिक्षातर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMISमा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागतविद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाटप्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागतविद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन ।<br>• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाटनियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरीतथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारकाउक्त अभिलेखहरु तयार गरेको देखिएन ।<br>• गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको देखिएन ।<br>• विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।<br><br>विविधतर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईएको देखिएन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा अभिलेख राखेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको देखिएन ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको र अद्यावधिक भएको पाईएन ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखि अद्यावधिक भएको पाईएन ।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्नुपर्नेमा जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी लेखा अद्यावधिक गरेको पाइएन, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
सम्पत्ति उपयोग र संरक्षण<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भबन तथा सवारीको परिमाण</th><th>मुल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td>१४-०-२-२.५</td><td></td><td>-</td><td>-</td></tr>
<tr><td>रोलर</td><td></td><td>१</td><td>४५५००००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>ब्याक्हु लोडर</td><td></td><td>१</td><td>३५५००००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>१८</td><td>६७६७७३५</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>एम्बुलेन्स</td><td></td><td>२</td><td>१०७९७५५</td><td>१ वटाको सहयोग प्राप्तकोमूल्य नखुलेको</td></tr>
</table>
उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा गाउँपालिकाले रोलर ,जे.सी.वि. तथा एम्बुलेन्स सञ्चालन कार्यविधि बमोजिम प्रभाबकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख ब्यबस्थित नभएको र सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।३।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति,साविकका संघीय बिषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख सम्पत्ति प्राप्त गरी पालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्याबधिक गरेको नदेखिकोले पालिकाको सम्पत्तिको लेखांकन अद्यावधिक गरी उपयोग तथा संरक्षण गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **हेभि ईक्पिमेन्ट मेशिनको प्रयोगको बिश्लेषण**<br>गाउँपालिकाले रोलर तथा ब्याक्हु लोडर जस्ता हेभि ईक्पिमेन्ट मेशिनहरु तथा एम्बुलेन्स गत बिगत देखि खरिद गरी प्रयोगमा ल्याएको छ । प्रयोगमा ल्याएको उल्लेखित साधनहरुको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी अभिलेख राखेको छैन । साथै उक्त साधनहरु बाट निशुल्क कार्य गराउदा कहा कति परीमाणको कार्य गरेको अभिलेख राखेको छैन । लेखापरीक्षणमा सो सम्पत्तिको उपयोग सो बाट प्राप्त हुने राजस्वको बिबरण पेश नभएकोले साधनको वर्षभरीको आम्दानी तथा खर्च एकीन गर्न सकीएन । रोलर , ब्याक्हु लोडर तथा एम्कोवुलेन्सको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी सार्वजनिक प्रयोगको विश्लेषण गरीनुपर्दछ । | |
| ११ | | | **सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण**<br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखि अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ । | |
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड वनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । पालिकाले हालसम्म ४ ऐन, ३ नियमावली, १३ कार्यविधि आदी निर्माण गरी कार्यान्वयनमा आएकोमा सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून, राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आबश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई ब्यबस्थित गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १३ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतबर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष थप भएको ७ वटा गरी विवाद दर्ता भएकोमा १ वटा फछ्र्यौट र २ वटा मुद्दा फिर्ता भई ४ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | | | **कर्मचारी दरबन्दि र पदपुर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेको बिबरण प्राप्त भएकोमा प्रमुख प्रशासकीय अधिकृत सहित १९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सातौ सहित २१ पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य प्रदेश लोकसेवा आयोगमार्फत छिटो पूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले विभिन्न पदमा ४० जना कर्मचारी करारमा राखी तलब भत्तामा रू १ करोड २६ लाख ४३ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले ओ भि ओ टी ना प्रा श अ स ई लगायत ३ पदमा करारमा नियुक्ति गरी रू ११ लाख १६ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **अबकाश कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अबकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदानबाट कर्मचारी कल्याण कोषमा रु ५०००००  ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएन । | |
| १७ | | | **बजेट तथा कार्यक्रम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ बमोजिम प्रकृयापुर्‍याइ आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६)बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ. ब.२०७८।७९ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम मिति २०७८।३।१० मा रु ३४ करोड ९४ लाख ४८ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।१० मा नै बजेट पारित गरेको छ। पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको देहाय प्रकृया तथा कार्यतालिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतलिका बमोजिम बजेट पारित गरीनुपर्दछ । | |

| बजेट तयारी चरण | नियममा रहेको अबधि | कार्य भएको मिति | कानूनी ब्यबस्था |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने । | प्रत्येक बर्ष पौष १५ भित्र | २०७८।०३।०४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ |
| आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र | = | अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८ |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण , सन्तुलित | प्रत्येक वर्षको | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | बितरणको खाका , बजेट सीमा निर्धारण गर्ने । | बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु | | ६६( ६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने । | प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु | -= | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,क्रार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने । | | = | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने। | असार ५ गते भित्र | २०७८।०३।०९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ | |
| | | | गाउँ कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ सभामा प्रस्तुत गरी सक्नु पर्ने । | असार १० गतेभित्र | २०७८।३।१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) | |
| | | | बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने | असार मसान्त भित्र | २०७८।३।१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६) | |
| | | | सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने । | श्रावण १५ भित्र | २०७८।०३।११ | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| १८ | | | **बजेट अबण्डा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले देहाय बमोजिम रू २ करोड ५० लाख अवण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन । अवण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट शिर्षक | विनियोजन रकम |
|---|---|
| समपुरक म्याचिङ फण्ड | २५०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **योजना प्राथमिकिकरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको बिकासका लागि आबधिक,बार्षिक, रणनीतीक बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने र योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका योजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेटको ठुलो अंश देहायबमोजिम छुट्याइएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमको योजना | १९ | १६५०००० |
| २ | एक लाख एक देखि पाँच लाख सम्मका योजना | १०७ | २८०१५००० |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | ३७ | २१३२५००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २० | २९३०५१४४ |
| ५ | ५० लाख भन्दा माथीका | ३ | १७८५६२५० |
| | जम्मा | १८६ | ९८१५१३९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कार्यक्रम कार्यान्वयन**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने त्यस्तै बजेट कार्यन्वयन गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ र ७ मा देहाय बमोजिमको प्रक्रिया पुर्‍याइ बजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यबस्था छ । गाउँपालिकाले आर्थिक वर्ष ०७८।७९ को बार्षिक बजेट २०७८ आषाढ १० मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।०३।३१ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनका देहायका चरणहरुको कार्यान्विन गरेको देखिएन । ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ । | |

| बजेट क्र्यार्यान्वयनका चरण | नियममा रहेकोअबधि | कार्य भएको मिति | कानूनी ब्यबस्था |
|---|---|---|---|
| अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने । | सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र | २०७८।०३।३१ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा / / इकाइ प्रमुखलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने । | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने । | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्दशन दिनुपर्ने । | एकिकृत गरी एकीकृतकार्यान्वियनकार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वियन गर्नुपर्ने | - | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.१ र ६.२.१ | |
| | | | वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने । | | | स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३ | |
| | | | पालिकाले ५ करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङकन गराउनुपर्ने | | योजना नभएको | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कार्यक्रम संसोधन**<br><br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी विनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गरी बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था छ । त्यस्तै विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा ३ मा स्विकृत बजेट रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । गाउँसभाले यस वर्ष स्वीकृत बजेट उपशिर्षकको ३४.९५ प्रतिशत सम्म रकमान्तर गरी देहाय बमोजिम रु ३ करोड ४२ लाख ४७ हजारका कार्यक्रम संशोधन गरेको देखिएको छ । बजेट बिनियोजन गर्दा नै यथार्थ हुनेगरी विनियोजन ऐनमा समावेश गरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा संघिय बिनियोजन ऐन बिपरित सिमाभन्दा बढी रकमान्तर गरी कार्यक्रम संसोधन गर्नु उपयुक्त होईन । | |

| बजेट उपशिर्षक | स्बिकृत शुरु बजेट | थप | घट | प्रतिशत |
|---|---|---|---|---|
| संघिय समानिकरण अनुदान | ९८५००५०० | २०००००० | २०००००० | २.०३ |
| प्रदेश समानिकरण | ३३८८५०० | ६३१००० | ६३१००० | १८.६२ |
| संघिय राजश्व बाडफाड | ५०२७९७५१ | १७५७६००० | १७५७६००० | |
| आन्तरीक श्रोत अल्या समेत | ५०००००० | ० | १४०४०००० | ३४.९५ |
| जम्मा | १५७१६८७५१ | २००२७००० | ३४२४७००० | २१.७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २२ | | | **स्विकृत बजेट भन्दा बढी खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमाभित्र रहि खर्च गर्नुपर्ने ब्यबस्था छ । पालिकाले देहाय बजेट उपशिर्षक तथा प्रप्ति भन्दा देहाय बमोजिम बढी खर्च गरेको छ । नियमावलीमा भएको ब्यबस्था बिपरीत बजेट तथा कार्यक्रमको सिमाभित्र नरही खर्च गरेकोले यस्तो कार्य नियन्त्रण गरिनुपर्छ । | |

| ब उ बि नं | बजेट /प्राप्ति | खर्च | बढि खर्च |
|---|---|---|---|
| राजश्व बाँडफाडबाट प्राप्ति | ५०२७९७५१ | ५६१९०२३१ | ५९१०४८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँकार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोहि दिग्दर्शनको बुँदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ। गाउँपालिकाले यस बर्ष दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ । | |

| बिषयगत क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २९५८१४६० | २७०१३१६३ | ९१।३२ |
| सामाजिक क्षेत्र | २२३६१९००० | १८८९३९९३९ | ८४।४९ |
| पूर्वाधार विकास क्षेत्र | ८७२४०००० | ६६४२३९८९ | ७६।१४ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३८३१००० | ३६४८७५२ | ९५।२४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५०२७२००० | ४९४२२६०५ | ९८।३९ |
| **जम्मा** | ३९४५०३४६० | ३३५४४८४४९ | ८५।०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>

**चौमासिक खर्च**

आआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण तयार गरी नियम ३६ बमोजिम त्यसको र बित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा १.२४ प्रतिशत दोस्रो चौमासिकमा १२.०३ प्रतिशत तेस्रो चौमासिकमा ८६.०३ प्रतिशत र आषाढ महिनामा ५४.२० प्रतिशत खर्च भएको देखिएको छ। । गाउँपालिकाले चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा काम गराउँदा निर्माण कार्यको सुपरभिजन, कामको गुणस्तरमा असर पर्ने भएकोले चौमासिक रूपमा सन्तुलन मिलाई बजेट खर्च गर्नुपर्दछ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>पालिका पुजिगत</td><td>६३५३७९१९</td><td>११९१९३५</td><td>७४६०६६८</td><td>५४८८५३१६</td><td>३१७७२०४४</td></tr>
<tr><td>२</td><td>शसर्त पुजिगत</td><td>३१२५७०००</td><td>०</td><td>४०८३१७७</td><td>२७१७३८२३</td><td>१९७४७२४८</td></tr>
<tr><td>३</td><td>प्रदेश शसर्त</td><td>११४४७५०</td><td>०</td><td>०</td><td>११४४७५०</td><td>४८७५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९५९३९६६९</td><td>११९१९३५</td><td>११५४३८४५</td><td>८३२०३८८९</td><td>५२००६७९२</td></tr>
<tr><td></td><td>ग्रतिशत</td><td>१००%</td><td>१.२४%</td><td>१२.०३%</td><td>८६.७२%</td><td>५४.२०%</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**बिबिध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ६००१९३९ । खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>अन्तर सरकारी अख्तीयारी<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ४६ मा स्थानीय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई संघीय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाँचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । गाउँपालिकालाई यस बर्ष देहाय बमोजिम अन्तरसरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानूनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>३१४०१०१२३</td><td>३५९२९७०४</td><td>३५८९७५८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>वीत्तिय समानीकरणको उपयोग<br>राष्ट्रिय प्राकृतिक श्रोत तथा वीत्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय बिभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वीत्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक एबं सञ्चालन आदीमा विनियोजन गरी खर्च गर्न नपाईने ब्यबस्था छ । आयोगको मार्गदर्शन बिपरीत गाउँपालिकाले देहाय बमोजिम प्रशासनिक एबं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरीनुपर्दछ ।
<table>
<tr><th>खर्च शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>३०००००</td></tr>
<tr><td>अन्य कार्यालय सञ्चालन खर्च</td><td>४९६०४२</td></tr>
<tr><td>तालिम तथा गोष्टी सञ्चालन खर्च</td><td>८७१४१८</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **राजश्व बाडफाडको उपयोग**<br>राष्ट्रिय प्राकृतिक श्रोत तथा वीत्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरीक आयबाट ब्यबस्थापन गर्ने तर अत्याबश्यक प्रशासनिक खर्चको लागी आफ्नो आन्तरिक आय अपर्याप्त भएको अबस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट बिनियोजन गनुपर्ने उल्लेख गरेकोमा पालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरीक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्दछ । | |
| २९ | | | **ठेक्काबाट भएको कामको अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राख्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्विकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ । | |
| ३० | | | **खरिद कारबाहीको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कार्वाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने ब्यबस्था छ । यस गाउँपालिकाले हरेक खरिद कारवाहीको एउटै फाइलमा देखिने गरी छुट्टै फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्वाहिको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **शिक्षक दरवन्दी तथा पदपूर्ति**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा,प्राबिधिक धार, प्रारम्भिक वाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक,प्रशिक्षक तथा कर्मचारीको विद्यालयवाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलव भत्ता, पोशाक खर्च, चाडपर्व खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मंन्त्रिपरिषदबाट साबिकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।<br><br>**बिद्यालयको संख्या** \| **शिक्षक दरबन्दी** \| **पदपुर्ती** \| **कार्यरतमध्ये अस्थायी/करार** \| **बिद्यार्थी संख्या**<br>२८ \| १५८ \| १५८ \| ८२ \| ३३५२ | |
| ३२ | | | **अनुगमन** | |
| ३२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्नेगरी गाउँपालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन,विद्यालयको आय ब्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरीककोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय वमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी बिद्यालयको अनुगमन नियमन गरेको प्रतिबेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा सामुदायीक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.व.२०७८।७९ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ । | |
| ३३ | | | **आन्तरिक आयतर्फ** | |
| ३३.१ | | | **आन्तरीक आम्दानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंङ्क दाखिला गर्नु पर्ने व्यवस्था भएकोमा पालिका एवं अन्तर्गतका वडा कार्यालयहरुले असुल भएको रकम समयमा नै बैंक दाखिला गर्ने गरेको देखिएन।जसले गर्दा प्राप्त भएको राजस्व हिनामिना हुन सक्ने भएकोले आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई संकलित रकम अनिवार्य रुपमा तोकिएको समयमै बैँक दाखिला गर्नुपर्दछ । | |
| ३३.२ | | | **रसिद नियन्त्रण खाता व्यवस्थित नभएको-**गाँउपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा यथासम्भव नगदी रसिदको आम्दानी खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी गत वर्षवाट जिम्मेवारी सरी आएको रसिद, छापिएका रसिद र निस्कासित रसिद बुझिलिएको व्यहोरा स्पष्ट राख्नुपर्नेमा रसिद नियन्त्रण खाता व्यवस्थित र अद्यावधिक नगरेकोले गाउँपालिकामा विगत वर्षवाट जिम्मेवारी सरी आएको रसिदको विवरण र यस वर्ष छपाइ भएका नगदी रसिद के कति हुन, पालिका र अन्तर्गतका वडाहरुसँग के कति रसिदका ठेली छन् के कति प्रयोग गरी आन्तरिक आय संकलन गरेको भन्ने रसिद नियण्त्रण खातामा स्पष्ट नदेखिएकोले राजस्व संकलन र आम्दानीमा विश्वस्त हुन सकिएन । तसर्थ रसिद नियन्त्रण खातालाई व्यवस्थित र अद्यावधिक गर्न गाउँपालिका व्यवस्थापनले ध्यान दिनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ (५) राजस्वको लगत, तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्त्व कार्यालय प्रमुखको हुनेछ ।पालिकामा देहायका वडाहरुले २०७८ को मंसिरबाट सफ्टवेयरको प्रयोग गरी बैङ्किङ्ग प्रणाली मार्फत राजस्व संकलन गरेको पाइयो । मंसिर भन्दा अगाडी नगदि रसिद प्रयोग गरी संकलन गरेकोमा सबै नगदी रसिद लेखापरीक्षणका लागि पेश नभएकोले छानविन गरि कति नगदी रसिद प्रयोग भयो, कति राजस्व संकलन भयो एकिन गर्नुपर्ने देखिएको रु | २३५,१२०.२५ |

| **क्र.सं.** | **वडा नं.** | **श्रावण-कार्तिक(रु.)** | **मंसिर-आषाढ(रु.)** | **संकलित राजस्व(रु.)** | **बैंङ्क दाखिला (रु.)** | **फरक रकम(रु.)** |
|---|---|---|---|---|---|---|
| १ | १ | ४४०७० | ४७८१९० | ५२२२६० | ५४५६८५ | २३४२५ |
| २ | २ | | १७२५९५।७५ | १७२५९५।७५ | १९१५८४ | १८९८८।२५ |
| ३ | ४ | | ४१८३७०।५ | ४१८३७०।५ | ६११०७७।५ | १९२७०७ |
| **जम्मा** | | | | | | **२३५१२०।२५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३.४ | | | **दाखिला बाँकि-** पालिकाले आम्दानी गरेको रकम आर्थिक कार्यविधि नियमावलीमा तोकिए बमोजिम यथा समयमै बैक दाखिला गर्नुपर्दछ ।देहायका वडाहरुबाट संकलित राजस्व र बैंकमा दाखिला गरेको राजस्व भिडान गर्दा देहाय बमोजिम नपुग राजस्व असुल गरी दाखिला गराउनुपर्ने रु | ४,५८० |

| सि.नं. | वडा नं. | आम्दानी रकम | दाखिला रकम | दाखिला गर्न बाँकी रकम |
| --- | --- | --- | --- | --- |
| १ | ५ | २२५३७० | २२२०९० | ३२८० |
| २ | ६ | ३५३२०६।२५ | ३५१९०६।२५ | १३०० |
| **जम्मा** | | | | ४५८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>
अधुरो कार्य<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।पालिकाको देहाय बमोजिमका २ ठेक्काको सम्झौतामा भएको व्यवस्था वमोजिम निमाण व्यवसायीले तोकिएको अबधिमा कार्यसम्पन्न नगरेको र म्याद भित्र कार्यसम्पन्न हुन नसकेको कारण खोलि निबेदन पनि दिएको समेत नदेखिएकोले निर्माण कार्य अधुरो रहन गएको छ । म्याद थपसमेत नभएकोले नियमावली तथा सम्झौता भएको वयवस्था अनुसार सम्झौता रकमको अधिकतम् १० प्रतिशतले हुने रू. ७४४९५८।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी बाँकी सम्झौताबमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्नेरु
<table>
<tr><th>निर्माण ब्यबसायी</th><th>कार्य</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न गर्नुपर्ने मिति</th><th>हालसम्म काम</th><th>क्षतिपुर्ति रकम</th></tr>
<tr><td>डेनिसा निर्माण सेवा</td><td>४ नंबर वडाको स्वास्थ्य चौकि निर्माण</td><td>३५४८१२६।२६</td><td>२०७९।३।१५</td><td>२१७४९०८</td><td>३५४८१२</td></tr>
<tr><td>तेलाबुङ कन्ट्रक्सन एण्ड सप्लायर प्रा लि</td><td>५ नंबर वडाको स्वास्थ्य चौकि निर्माण</td><td>३९०१४६२</td><td>२०७९।३।१५</td><td>२३६०९७३</td><td>३९०१४६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>७४४९५८</td></tr>
</table>
</td><td>७४४,९५८</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
कार्यस्विकार प्रतिबेदन<br>
सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्बजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्विकार्दा सो को प्रतिबेदन पेश गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले देहाय कार्यको कार्यस्विकार प्रतिबेदन बेगर अन्तिम बिल भुक्तानी गरेको छ । नियमावलीको ब्यबस्था बिपरीत कार्यस्विकार प्रतिबेदन बेगर अन्तिम बिल भुक्तानी गरेको देखिएकोले पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>भुक्तानी लिने</th><th>कार्य</th><th>मुल्यङकन रकम</th><th>अन्तिम बिलको भुक्तानी रकम</th></tr>
<tr><td>३०।२०७९।३।२४</td><td>मागमाया उपभोक्ता समिति</td><td>झोलुङगेपुल निर्माण</td><td>मुल्याङकन प्रतिबेदन पेश नभएको</td><td>११५१८३४</td></tr>
</table>
</td><td>१,१५१,८३४</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>निर्माण व्यवसायीको प्रयोग</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ ।पालिकाले यो बर्ष मोटरबाटो ट्याक खोल्ने कार्य,सडक स्तरोन्नती तथा मर्मत कार्यको लागी देहाय बमोजिम उपभोक्ता समितिमार्फत कार्य गराउन सम्झौता गरेकोमा, उपभोक्ता समिति आफुले गर्नुपर्ने कार्य निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । नियममा भएको उल्लेखित ब्यबस्था बिपरीत कार्य भएकोले यस्तो कार्य नियन्त्रण गरीनुपर्दछ । | |

| ब.उ .शि.नं. | गोभौनं./मिति | भुक्तानी लिने उपभोक्ता समितिको नाम | कामको विवरण | बजेट खर्च रकम | कार्य गर्ने निर्माण ब्यबसायीको नाम | निर्माण ब्यबसायीको बिल रकम |
|---|---|---|---|---|---|---|
| पालिका पुजिगत | ५६।२०७९। १।१३ | डाडागाउ सिम्फ पावर हाउस सम्मको अधुरो बाटो निर्माण उ स | बाटो निर्माण | ९७५००० | नब उदय निर्माण सेवा | ९७५००० |
| | १४१।२०७९। ३।१९ | लोदुम्बा जलबिबुत पोल खरिद उ स | पोल खरिद | ९७५००० | सिहबाहिनी इन्जिनियर एण्ड ईनर्जि प्रा लि | ८७३४४५ |
| | १२।२०७८। १०।२० | सडक तथा हाङ्युम्बर गुफा पदमार्ग निर्माण | पदमार्ग निर्माण | ४३८७५० | नबउदय निर्माण सेवा | ३००००० |
| | ४५।२०७९। १।१ | मैवाखोला ५ टोल हाउस वायरिङ उ स | हाउस वायरीङ | ९७५००० | तेल्लाबुङ कन्ट्रक्सन | ९५७८६१ |
| | ७३।२०७९। १।२२ | आदेक खानेपानि मर्मत उ स | खानेपानि मर्मत | ६००५६० | नब उदय निर्माण सेवा | ४८०१८७ |
| | ७७।२०७९। १।२३ | गेम्बुटोलदेखि खाम्सादेब फुर्पा शेर्पाको घरसम्म सडक निर्माण उ स | सडक निर्माण | ४८७५०० | नब उदय निर्माण सेवा | ४४३८७२ |
| | १०६।२०७९। | मकरेटार कृषि सडक निर्माण उ स | कृषि | १९४००० | नब उदय निर्माण सेवा | १०४२४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३।३ | | सडक | | | | |
| | | | | ११८।२०७९।३।१३ | टारघरदेलि सत्तल चल्ने सडक मर्मत उ स | सडक मर्मत | ३९०००० | नब उदय निर्माण सेवा | ३४५८९४ | |
| | | | | १२७।२०७९।३।१७ | भुसभुसे देखि देबिझोर ओढारे सडक निर्माण उ स | सडक निर्माण | ३८०६५७ | नब उदय निर्माण सेवा | ३९०००० | |
| ३७ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | | | | | | | |

| **ब.उ .शि.नं.** | **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| | ७६।२०७९।१।२२ | स्वास्थ्य चौकी भबन उ स | स्वास्थ्य चौकी भबन वडा नं ६ | ५७९४८५ |
| | १६९।२०७९।३।२४ | स्वास्थ्य चौकी भबन उ स | स्वास्थ्य चौकी भबन वडा नं ६ | ४६४२८२ |
| | | **जम्मा** | | **१०४३७८७** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>कर समायोजन<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले उपभोक्ता समिति मार्फत गरेको कार्यको भुक्तानी दिएकोमा देहाय निर्माण ब्यबसायीको कर बिजक PAN SEARCH गर्दा करदाता नन्फाइलर देखिएको छ ।तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु<br>
<table>
<tr><th>गोश्वरा भौचर नंवर मिति</th><th>आपुर्तिकर्ता</th><th>पान नंवर</th><th>विजक नंवर मिति</th><th>मुअकर रकम</th><th>नन्फाइलर भएको</th></tr>
<tr><td>३१।२०७८।१२।२२</td><td>साघु निर्माण सेवा</td><td>६१२४३४३६७</td><td>३।२०७८।१२।१२</td><td>२२३९३</td><td>२०७८ आषाढ</td></tr>
<tr><td>१५९।२०७९।३।२०</td><td>साघु निर्माण सेवा</td><td>६१२४३४३६७</td><td>३।२०७८।१२।१२</td><td>२९४२</td><td>२०७८ आषाढ</td></tr>
</table></td><td>२५,३३५</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br>निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती कर्मचारीको तलबी प्रतिवेदन निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष पालिकाको सबै कर्मचारीको तलबी प्रतिवेदन पारित नगरि रु ८७७६०१८.२९। तलबमा खर्च गरेको छ ।यसरी तलबी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **पारिश्रमिक कर कट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको आय हिसाब गरी छुट पाउने रकम कट्टा गरि बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाका देहायबमोजिमका कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने कर कट्टी नगरेकोले कर बापतको रकम असुल गर्नु पर्ने रु. | ३५,९९२ |

| नाम र पद | कट्टी हुने रकम रु. |
|---|---|
| प्र प्र अ देवी तुम्वावे | ५६२० |
| शिक्षा अधिकृत लक्ष्मी माया गोम्देन | २५४० |
| सू प्र अ मदन तिवारी | ९९४० |
| रोजगार संयोजक मचिन्द्र थक्लुङ | ७११५ |
| बैद्य निरिक्षक सुभाष चन्द्र झा | १०७७७ |
| जम्मा | ३५९९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **भ्रमण अभिलेख**<br>भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा उद्देश्य उल्लेख गर्नुपर्ने भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले भ्रमण अभिलेख खाता नराखेकोले बर्ष भरी कुन कुन कर्मचारीलाई कहाँ खटाई के कति वटा भ्रमण आदेश जारी भयो भने यकिन गर्न सकिएन । अनिवार्य रुपमा भ्रमण अभिलेख खाता राखी भ्रमण खर्चमा नियन्त्रण तथा व्यवस्थित हुनुपर्दछ । | |
| ४२ | | | **दोहोरो भ्रमण भत्ता**<br>गो भौ न ९१।२०७८।१०।१८ मा सब इन्जिनियर अर्पण पौठाक लिम्बुले २०७८।०८।२१ देखि २०७८।०८।२७ मा कार्यालयको कामकाजको लागि र सोहि मितिमा फेरि भ्रमण गरेको देखियो । छलफलका क्रममा भ्रमण आदेशको अवधि दोहोरो नभई भ्रमण बिल भर्दा गल्ति भएको भनी भनाई रहेकोमा दोहोरो नभएको आधार पेश गर्ने अन्यथा दोहोरो दैनिक भ्रमण भत्ता वापतको बढि रकम भुक्तानी असूल गर्नुपर्ने रु. | १४,५०० |
| ४३ | | | **हाजिरी अद्यावधिक नभएको**<br>गो भौ न ३१।२०७८।०८।१६ मचिन्द्र थक्लुङले कार्यालय कामकाजका लागि २०७८।०७।०९ देखि २०७८।०७।१५ सम्म र २०७८।०७।२९ देखि २०७८।०८।०५ मा सवारी दर्ता तथा नवीकरण गर्न भनी दैनिक भ्रमण भत्ता रु. ३४००० बापत बुझेको भएतापनि कार्तिक महिनाको हाजिरी अद्यावधिक नभएको देखिन्छ ।दैनिक भ्रमण बापतको रकम भुक्तानी गर्दा हाजिरी अनिवार्य रुपमा अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्रशिक्षक भत्ता**<br>अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.१५ बमोजिम प्रशिक्षकले कार्यबापत ७०० र कक्षा सञ्चालन गरेबापत ६०० पाउने व्यवस्था रहेको छ ।तर गो भौ न २।२०७९।०३।२० मा श्री महिला उत्थान उद्यमशील तथा सुव्यवस्थान समिति योजना ले मिति २०७९ साल अषाढ १२ गते देखि १५ सम्म मैवाखोला गाउँपालिका वडा नं २ मा आयोजना गरेको ४ दिने रुपान्तरित नेतृत्वमा महिलाको भूमिका विषयक तालिममा सहजिकरण गरेबापतको रकम देहायका व्यक्तिलाई भुक्तानी गर्दा कार्यपत्र नभएकोले कार्यपत्र बापतको रकम बढी भुक्तानी भएको रु. | २२,४०० |

| नाम र पद | दिन | सेसन | दर | पाउनुपर्ने रकम रु. | भुक्तानी भएको रकम रु. | बढी भएको भुक्तानी |
|---|---|---|---|---|---|---|
| ठाकुरसिंहलिम्बु अधिवक्ता | ४ | ८ | ६०० | ४८०० | १६००० | ११२०० |
| सीता लिम्बु स म वि नि | ४ | ८ | ६०० | ४८०० | १६००० | ११२०० |
| जम्मा | ८ | १६ | १२०० | ९६०० | ३२००० | २२४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **सुधार योजना तथा लेखापरीक्षण प्रतिवेदन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालयहरुलाई विद्यालय सुधार योजना बापतको अनुदान सुधार योजना अद्यावधिक गरेका विद्यालयलाईमात्र निकासा गर्नुपर्ने तथा सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण अनुदान निकासा भएपछि सामाजिक परीक्षण र लेखापरीक्षणको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले २८ विद्यालयलाई विद्यालय सुधार योजनाको लागि ४४५०००।०० र सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षणका लागि ३०५०००।०० गरी जम्मा रु ७५००००।०० निकासा गरेकोमा विद्यालय सुधार योजना र सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षणको प्रतिवेदन पेश भएन । सुधार योजना र प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.. | ७५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **कृषि विज्ञान ल्याव**<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ मा तोकिएको मापदण्डको आधारमा कक्षा १० सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयमा कक्षा ११ स्तरोन्नती ल्याव व्यवस्थापन अनुदान निकासा दिएपछि ल्याव सामग्री खरिद खरिद ऐन नियमावली अनुसार भए नभएको तथा प्राविधिक धार सञ्चालनको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मैवाखोला मा.वि.लाई रु १००००००।०० कृषि विज्ञान ल्याव व्यवस्थापनको लागि अनुदान दिएकोमा खरिद ऐन तथा नियमावली अनुसार खरिद भएको सनिश्चित हुने र सञ्चालनको अवस्था जानकारी हुने अनुगमन प्रतिवेदन पेश भएन । अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.. | १,०००,००० |
| ४७ | | | **अनुगमन तथा कार्य सम्पन्न**<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन गरेनगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी खर्च सुनिश्चित गर्नुपर्ने रु.. | १,३००,००० |

| क्र.सं. | विद्यालय | विज्ञान प्रयोगशाला | पुस्तकालय | जम्मा |
|---|---|---|---|---|
| 1 | नारायणी मा.वि. | | ६५०००० | ६५०००० |
| 2 | मैवाखोला मा.वि. | ६५०००० | | ६५०००० |
| | जम्मा | | | १३००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा निकासा भएको रकमबाट भएको खर्चको कार्यप्रगति विवरण विद्यालयले पालिका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुपर्दछ । देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न तथा प्रगति विवरण र खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश भएन । कार्यसम्पन्न पेश हुनुपर्ने रु..
<table>
<tr><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>जनकल्याण मावि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>महेन्द्र मावि</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>पाटीडाडा मावि</td><td>आइसिटी ल्याव</td><td>६५००००</td></tr>
<tr><td>नारायणी मावि</td><td>आइसिटी ल्याव</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७०००००</td></tr>
</table></td><td>६,७००,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सेनिटरि प्याड<br>गाउँपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड वितरण कार्यको लागि गाउँपालिकाले यस आर्थिक वर्षमा ७६९५ थान सेनिटरी प्याड खरीद गरी रु. ७९९९७२।०० खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्ताणतरण गरेको पाइयो । विद्यालयले सम्बन्धित विद्यार्थिहरुलाई वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>छुट ग्रेड<br>कर्मचारी माथिल्लो पदमा स्तरोन्नति हुदा पदस्थापना भई हाजिर भएपछि स्तरवृद्धि भएको पदको सेवा सुविधा पाउने व्यवस्था छ । गाउँपालिकाले अहेव पाँचौ फुर्वा शेर्पाको २४४८०।०० र सि.अहेव ज्ञान वहादुर बनेमको ८१६०।०० गरी रु ३२६४०।०० ग्रेड छुट भएको भनी जेष्ठता लागु हुने मितिदेखिको ग्रेड हिसाव गरी भुक्तानी दिएको पाइयो । नियमभन्दा बढी भुक्तानी भएको ग्रेड रकम सम्बन्धितबाट असुल हुनुपेर्ने रु..</td><td>३२,६४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **औषधि खरिद**<br>गाउँपालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकबाट रु १०९३४६८।०० को ७० प्रकारको औषधि सिलकोटेसन विधिबाट रिद्धिसिद्धि मेडिटेक ईन्टरनेशनल संग खरिद गरेकोमा देखिएका व्यहोरा देहायअनुसार छन ।<br>• सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मालसामान खरिदको लागत अनुमान सूचनामा खुलाउन पाउने व्यवस्था छैन । गाउँपालिकाले लागत अनुमान अंक १०५००००।०० सूचनामा खुलाएको पाइयो ।<br>• सिलबन्दि दरभाएपत्र पेश गर्ने आपूर्तकले दरभाउपत्र रु १०००।०० मा खरिद गर्नुपर्नेमा खरिद गरेको प्रमाण पेश भएन । तथा दरभाउपत्र विक्रिको रजिस्टर र दर्ताको रजिष्टर पेश भएन ।<br>• दरभाउपत्रमा कार्यालय प्रमुखको सहिछाप नभएकोले कार्यालयबाटनै विक्रि भएको दरभाउपत्र पेश भएको हो भन्ने सुनिश्चित हुन नसकीएको रु..<br>• पालिकाको सूचनामा औषधिको म्याद कम्तिमा १८ महिना हुनुपर्ने व्यवस्था रहेको पाइयो । प्राप्त भएका औषधि मध्ये १७ प्रकारका औषधि निर्धारित समयभन्दा घटि म्यादका पाइयो । ला<br>• लागत अनुमान भन्दा बढी भुक्तानी भएको ४३४६८।०० सम्बन्धितबाट असुल हुनुपर्दछ । | १,०९३,४६८ |
| ५२ | | | **वितरण भरपाई**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तरकारिको मिनिकिट वितरणको लागि सुरेन्द्र राईलाई रु १५००००।०० भुक्तानी दिएकोमा ३३४ प्याकेट तरकारीको मिनिकिट खरिद भएको मध्ये २४१ थानमात्र वितरण गरेको पाइयो । रु ४०४१९ को ९३ प्याकेट तरकारीको मिनिकिट वितरणको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.. | ४०,४१९ |
| ५३ | | | **निर्माण सामग्रीको लागत**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम संघीय अनुदानबाट पारीश्रमिकमामात्र खर्च गर्नुपर्ने अन्य खर्च स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २७ वटा योजना संचालन गरी ६७२६०००।०० भुक्तानी गरेकोमा नापी कितावमा चढाईएको निर्माण सामग्रीहरु स्टोन र ड्राई स्टोनको मुल्य रु ४९३७२४०।०० समेत कार्यालयले ज्यालाको रुपमानै भुक्तानी भएको देखाएको पाइयो । यस सम्बन्धमा जिल्ला दररेट अनुसार ढुङ्गा ढुवानी र तयार गर्ने काम गर्दा ढुङ्गाको मुल्यभन्दा कति घटी बढी मुल्य लाग्ने हो एकीन गर्न सकिएन । यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचिकृत बेरोजगार ७१४ रहेकोमा सडक स्तरोन्नती सिंचाई निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ११२ जनालाई ७८ दिन देखी ९५ दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु. ६७२६०००।०० खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमध्ये केहीलाई अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा सबैलाई दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५५ | | | **परामर्स सेवा खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा १ लाख भन्दा बढीको परामर्स सेवा खरिदको लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली २०६४ को नियम ७२ मा २० लाख सम्मको परामर्स सेवा मौजुदा सूचिमा भएका कम्तिमा ३ वटा परामर्स सेवा प्रदायकबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण र गाउँ शिक्षा योजना तथा पार्श्वचित्र निर्माण कार्य परामर्स सेवा खरिद विधिबाट रु ९०००००।०० मा खरिद गरेकोमा टिओआर तथा लागत अनुमान तयार गरेको पाइएन । पेश भएको आर्थिक आर्थिक प्रस्ताब अनुसारनै खर्च लेखिएकोले भएको खर्च बास्तविक मान्न सकिने आधार भएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन ।<br>• स्थानीय पाठ्यक्रम निर्माणकार्यको एउटामात्र प्रस्ताव खिलनारायण श्रेष्ठले पेश गरेकोमा खिल नारायण श्रेष्ठले विल पेश र कार्यसम्पन्न भएको प्रमाण वेगर रु ४०००००।०० भुक्तानी भएको पाइयो ।<br>• गाउँ शिक्षा योजना तथा पार्श्वचित्र छपाईका लागि पाथिभरा प्रिन्टिङ प्रेसलाई रु १९७१८५।०० भुक्तानी दिएकोमा उक्त योजना र पार्श्वचित्र कार्यालयमा प्राप्त भएको पाइयन । | ९००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **दायित्व कट्टि रिभर्स नउठाएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कारोबारको पुष्ट्याई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको गोश्वारा भौचरबाट लेखिएको खर्च मध्ये दायित्व कट्टि बाहेकको भुक्तानी हुने रकममात्र फिर्ता भौचर उठाई दायित्व कट्टि रकम अग्रीम कर मुअकर र धरौटी खर्च लेखेको पाइयो । यस सम्बन्धमा छानविन गरी खर्च लेख्न नमिल्ने खर्च लेखिएकोमा सम्बन्धितबाट असुल गर्नुपर्ने रु | १,४२७,९०१ |

| खर्च लेखिएको गोश्वारा भौचर | फिर्ता उठाइएको गोश्वारा भौचर | खर्च लेखिएको रकम | फिर्ता भौचर उठाइएको रकम | भुक्तानी पाउने | फिर्ता नगरिएको रकम |
|---|---|---|---|---|---|
| १५६।०७९।३।२० | १७२।०७९।३।२४ | १२७००७७ | ८६१७३७ | तेल्लाबुङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४०८३४० |
| १५५।०७९।३।२० | १७०।०७९।३।२४ | ११४२४३५ | ७५३७११ | डेनिसा निर्माण सेवा | ३८८७२४ |
| ३३।०७९।३।२४ | ३४।०७९।३।२४ | ३६१७८९५ | २९८७०५८ | नवउदय निर्माण सेवा | ६३०८३७ |
| जम्मा | | | | | १४२७९०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>मेनुअल नर्मस प्रयोग गरी मेशिनरीबाट कार्य<br>सार्बजनिक खरिद नियमावली २०६४ को नियम नियम ९७ को उपनियम ९ मा लाभग्रहि समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,डोजर जस्ता हेभि ईक्पिपमेन्ट प्रयोग गर्न सकिने छैन भन्ने ब्यबस्था छ । पालिकाले देहाय बमोजिम उपभोक्ता समितिबाट कामकाज गर्ने गरी मेनुअल नर्मस प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेको तर उपभोक्ता समितिले मेशिनरीबाट कार्य गराई भुक्तानी लिएको छ । नियमावली बमोजिम लाभग्रहिबाट सञ्चालन हुने कार्यमा मेशिनरी प्रयोग गर्न मिल्ने नदेखिएको र मेनुअल प्रयोग गरी प्रयोग गरेको लागत अनुमान को कार्यमा मेशिनरी प्रयोग गरी कार्य गर्न नपाउने हुदा मेनुअल नर्मस र मेशिनरी नम्समा आउने फरक एकिन गरी असुल गरेको प्रमाण पेश गर्नुपर्ने
<table>
<tr><th>भौ नं</th><th>भुक्तानी लिने</th><th>निर्माण कार्य</th><th>मेनुअल नर्मस</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२४। २०७९।३। १५</td><td>महाबिर आधारभुत बिद्यालय उ स</td><td>खेल मैदान</td><td>२६४२ घ मी * ३९९।१३</td><td>७८००००</td><td>उपभोक्ताले खर्च सार्बजनिक गर्दा मेबिनरीबाट कार्य गरेको खर्चको बिबरण पेश गरेको ।</td></tr>
<tr><td>२।२०७९।४। ४</td><td>दाक्ष्योदर वरदेखि एकहाते बारी सम्म सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१४५३ घ मी * ३९९।१३</td><td>४८७०००</td><td>उपोक्ताले पेश गरेको फोटोमा मेहशनरीबाट कार्य भएको देखिएको ।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१२६७०००</td><td></td></tr>
</table></td><td>१,२६७,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>डिपिआर खर्च<br>डिपिआर खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा प्रमाण सहित खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ए.सि. इन्जिनियरिङ्ग प्रा.लि.लाई नारायणी मा.वि.को भवनको डिपिआर बनाउने प्रयोजनका लागि १६१३१७७।०० भुक्तानी गरेको श्रेष्तासाथ खरिद प्रक्रियाको फायल पेश भएन । खरिद प्रकृयाको अभिलेख तथा कागजात पेश हुनुपर्ने रु..</td><td>१,६१३,१७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **वितरणमुखि खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल सुनिश्चित हुने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने सिमित स्रोतको उच्चतम प्रयोग गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ ।गाउपालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा बितरणमुखी कार्यमा रु. ३५१३०४४ खर्च गरेको देखिन्छ ।<br><table><tr><th>गो भौ नं .</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr><tr><td>५२।२०७९।१।२२</td><td>शुसिल ईम्पेक्स</td><td>फुटबल तथा भलिबल लगायत खेल सामाग्रि बितरण</td><td>१४९०८०</td></tr><tr><td>७७।२०७८।१०।२६</td><td>तेल्लाबु कन्ट्रक्सन</td><td>सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्तिलाई ज्याकेट र बिद्यालयका बालबालिकालाई ट्र्याक सुट बितरण</td><td>३१५४३४९</td></tr><tr><td>२२६।२०७९।३।१४</td><td>न्यु हिमालयन</td><td>बिद्यालयका बालबालिकालाई ट्याक सुट बितरण</td><td>२०९६१५</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३५१३०४४</td></tr></table>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ६० | | | **मालसामान खरिद सम्बन्धि काम उपभोक्ता समितिबाट गराएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धि व्यवस्था छ । गाउँपालिकाले नविकरणीय उर्जा प्रविधि जडान कार्य उपभोक्ता समितिबाट रु १०४१५६६।०० मा गराएकोमा उपभोक्ता समितिले मालसामान खरिद रु ९५९१०८।०० को गरेको पाइयो । उक्त काम सम्पन्न पश्चात गाउँपालिकाले उपभोक्ता समितिलाई रु ९७५०००।०० भुक्तानी गरेको छ । खुद कार्यको अधिकतम भाग मालसामान खरिद रहेको कार्य उपभोक्ता समितिबाट गराउदा खरिदमा हुनसक्ने प्रतिस्पर्धा नभएको पाइयो । मालसामान खरिद उपभोक्ता समितिबाट गराईएको नियमसम्मत नदेखिएको रु.. | ९५९,१०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सञ्चित कोषबाट धरौटीमा रकम ट्रान्सफर गरिएको**<br>सरकारी कारोबार निर्देशिका २०७६ अनुसार स्थानीय संचित कोषबाट धरौटी खातामा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । गाउँपालिकाले यस वर्ष संचित कोषबाट रु २००००००।०० रकम धरौटी खातामा ट्रान्सफर गरेको पाइयो । धरौटी खातामा संचित कोषबाट रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएको रु.. | २,०००,००० |
| ६२ | | | **खर्च पुष्टयाइ नभएको**<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भर्पाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले देहाय रकम खर्च गर्दा देहायबमोजिम निर्माण कार्यको नापी किताब र कार्यस्वीकार प्रतिवेदन संलग्न नगरी भुक्तानी गरिएको देखिएकोले नापी किताब र कार्यसम्पन्न पेश हुनुपर्ने रु..<br><br>भौ नं \| भुक्तानी लिने \| बिबरण \| खर्च रकम<br>२१७।२०७८।६।२२ \| उदय निर्माण सेवा \| नापी किताब कार्य स्बिकार प्रतिबेदन \| ५००००० | ५००,००० |
| ६३ | | | **धरौटी फिर्ताको हिसाव एकीन नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा व्यक्तिगत धरौटी खाता र गोश्वारा धरौटी खाता अद्यावधिक गरि राख्नुपर्ने तथा नियम ६६ मा धरौटी रकम जम्मा गर्नेले धरौटी फिर्ताको लागि निवेदन दिनुपर्ने र कार्यालयको अभिलेख र निवेदनको व्यहोरा रुजु भएमा धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यक्तिगत धरौटी खाता र गोश्वारा धरौटी खाता अद्यावधिक गरेको पाइएन । धरौटी फिर्ता गर्नु पूर्व सोही रकम बराबरी धरौटी आम्दानी तथा अल्या गरी फिर्ता गर्ने गरेको पाइयो । कार्यालयले यस बर्ष रु ४९७३६०१।०० धरौटी फिर्ता गरेकोमा उक्त धरौटी फिर्ता रकम सम्बन्धितकै धरौटी हो होइन भिडान गर्न नसकिएको हिसाब एकीन हुनुपर्ने रु.. | ४,९७३,६०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>कोभिडबाट प्रभावितलाई नगद हस्ताणतरण<br>कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्ताणतरण कार्यविधि २०७८ बमोजिम पेशा व्यवसाय एवम श्रम गर्ने अवसर गुमाई आर्थिक रुपमा अतिविपन्न तोकिएका नेपालि नागरिकले १००००।०० रुपैयाका दरले नगद हस्ताणतरण गरिने व्यवस्था छ । सोही कार्यविधिमा नगद हस्ताणतरणबापत नेपाल सरकारको स्वीकृत न्युनतम ज्यालाका आधारमा हुन आउने न्युनतम कार्यदिन बराबर कुनै सार्वजनिक विकास निर्माणको आयोजनामा स्वयमसेवकको रुपमा काम गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्ने तथा नगद प्राप्त गर्न योग्य लाभग्राही वडाध्यक्षले सिफारिस गरेपछि दावि विरोधको सूचना गर्दा दावि विरोध नआएमा कार्यपालिकाले थप एकिन गरी नगद प्राप्त गर्न योग्य लाभग्राही परिवारको अन्तिम सूची स्वीकृत गरेपछि नगर हस्ताणतरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले १९६ लाभग्राहीलाई १९६००००।०० नगद हस्ताणतरण गरेकोमा लाभग्राहीको सूचि कार्यपालिकाबाट स्वीकृत गरेको तथा लाभग्राहीले स्वयमसेवकको रुपमा काम गर्ने प्रतिवद्धता समेत पेश गरेको पाइएन । लाभग्राहीको सूचि कार्यपालिकाबाट पास गरी स्वयमसेवकको रुपमा काम गर्ने प्रतिवद्धता पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>नापी भन्दा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका लाभग्राहीलाई देहायबमोजिम नापी भन्दा बढी परिमाणको कामको भुक्तानी भएको पाइयो । नापी किताब भन्दा बढी परिमाणको भुक्तानी भएको रकम रु ३७३४८१।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु..
<table>
<tr><th>क्र सं</th><th>भुक्तानी पाउने</th><th>कामको विवरण</th><th>नापी चढाइएको कामको परिमाण</th><th>सम्पादन भएको बास्तविक कामको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>खानटोल धान पकेट संचालन समिति</td><td>स्काभेसन</td><td>१०१</td><td>६१</td><td>४०</td><td>३९९</td><td>१५९६०</td></tr>
<tr><td></td><td></td><td>स्टोन सोलिङ</td><td>२७</td><td>१६</td><td>११</td><td>२८९१</td><td>३१८०१</td></tr>
<tr><td></td><td></td><td>पिसिसि ढलान</td><td>१९</td><td>६</td><td>१३</td><td>१०२८०</td><td>१३३६४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१८१४०१</td></tr>
</table></td><td>३७३,४८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | सेलुवा भासिने व्यवसायिक धान उत्पादन पकेट विकास संचालन समिति | स्काभेसन | १०३ | ६२ | ४१ | ३९९ | १६३५९ | |
| | | | | | स्टोन सोलिङ | २८ | १७ | ११ | २८९१ | ३१८०१ | |
| | | | | | पिसिसि ढलान | २० | ६ | १४ | १०२८० | १४३९२० | |
| | | | | जम्मा | | | | | | १९२०८० | |
| | | | | कुल जम्मा | | | | | | ३७३४८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **अनुदानको अनुगमन**<br>संघीय सशर्त अनुदानबाट तोकीएबमोजिम अनुदान दिदा र खर्च गर्दा निर्देशिका अनुसार गरिनुपर्दछ । पालीकाले पकेट क्षेत्र तथा अन्य अनुदान देहायका योजना तथा कार्यक्रमहरुमा दिएको अनुदान रकमबाट सम्झौतामा तोकिए बमोजिमको प्रयोजनमा खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको तथा अनुदान रकमबाट खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण र विमा पेश गरेको देखिएन । अनुदान रकम निर्धारित कार्यमा खर्च भएको सुनिश्चित हुन खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण विमा र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.. | २,२००,००० |

| कार्यक्रम | अनुदान पाउने संस्था | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| उन मिसन कार्यक्रम कार्यक्रम अन्तर्गत भेडा प्रवद्धन कार्यक्रम | मेन्छेयाम भेडा पालन कृषक समुह | १५००००० | ३० वटा भेडा माउ पाठा पाठि १ थान, थुम र २७ थान, बलेक्रा बलेक्रि को विमा पेश हुनुपर्ने |
| ०७७।७८ मा स्थापना भएका बाख्रा पकेट कार्यक्रम निरन्तरता | ५ वटा बाख्रा पालक समुहलाई १० वटाका दरले बाख्रा खरिद | ७००००० | खरिद भएका बाख्राको स्वास्थ्य परीक्षण तथा विमा पेश नभएको |
| जम्मा | | २२००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ६७.१ | | | गाउपालिकालाई यस बर्ष सामाजिक सुरक्षा भत्ता बितरण गर्न नेपाल सरकारबाट बजेट रु ३५९२९७०४ विनियोजन भएकोमा पालिकाले रु ३५८९७५८७ निकासा प्राप्त गरी बैकिङ प्रणालिबाट सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७.२</td><td></td><td></td><td>दोहोरो नागरिकता नम्बर- सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता परीक्षण गर्दा देहायअनुसार नागरिकता नम्बर एउटै भएका तर नाम र जन्म मिति फरक फरक भएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले लाभग्राहीहरुको लगत अद्यावधिक गरी निम्नानुसार एउटै नागरिकता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरि दोहोरो भएमा असूल गर्नुपर्ने रु...
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>नागरिकता नं.</th><th>जन्म मिति</th><th>त्रैमासिक</th><th>रकम</th></tr>
<tr><td>५</td><td>Phurwa Phuti Sherpeni</td><td rowspan="2">1161।1206</td><td>5-10-2012</td><td rowspan="2">प्रथम त्रैमासिक</td><td>7980</td></tr>
<tr><td>६</td><td>Furbu Futi Sherpeni</td><td>3-1-2012</td><td>7980</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५९६०</td></tr>
</table></td><td>१५,९६०</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरूजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो व्यबस्था अन्तरगत पालिकाले यस वर्ष आ ब २०७७। ७८ को nams सम्परीक्षण अपलोड पश्चात हुने र बिगत आ ब को मेनुअलबाट सम्परीक्षणको कार्बाहि हुने ब्यबस्था भएकोमा पालिकाले बेरुजु फर्छ्यौट गरी समपरिक्षणको लागि अनुरोध गरेको छैन । गत बिगतका बेरुजु फस्यौट गरी सम्परीषण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अद्याबधिक बेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२७६५०</td><td>०</td><td>२९३८१</td><td>0</td><td>५७०३१</td></tr>
</table></td><td></td></tr>
</table>